आग्नेय	सर्वलाभ	श्रीलाभ	युद्ध	देशत्याग
दक्षिण	मिष्टभोजन	मिष्ट भोजन	सन्तोष	मिष्टभोजन
नैर्ऋत्य	मिष्टवार्ता	रोगक्षय	पशुनाश	अश्वप्राप्ति
पश्चिम	कलहवार्ता	जलवृष्टि	रोग, कष्ट	रोगभय
वायव्य	शरीर भय	सिद्धिप्राप्ति	धननाश	पत्रलाभ
उत्तर	रक्तदर्शन	धनलाभ	पुत्र प्राप्ति	संग्राम
ईशान	कार्यसिद्धि	क्लेश	पीडा, कष्ट	राजमान्य

कुकुर कुन प्रहरमा कता फर्की रुन्छ त्यसको फल

दिशा	प्रथम प्रहर	द्वितीय प्रहर	तृतीय प्रहर	चतुर्थ प्रहर
पूर्व	शुभवार्ता	धनलाभ	महारोग	कष्ट, पीडा
आग्नेय	धनहानि	,,	युद्ध विग्रह	स्थाननाश
दक्षिण	मङ्गलवार्ता	मिष्ट भोजन	सन्तोष	मिष्ट भोजन
नैर्ऋत्य	कष्ट, हानि	रोगभय	पशु पीडा	पशु·प्राप्ति
पश्चिम	विग्रह	मेघवर्षा	कष्ट	रोग, कष्ट
वायव्य	सन्तोष	सफल	धनलाभ	वस्त्रलाभ
उत्तर	पुत्रपीडा	धनलाभ	पुत्रप्राप्ति	भय, विग्रह
ईशान	लाभ	क्लेश	पीडा	राजमान्य

अथ ज्वरपट

कसैले आई फलानु दिन व्यथा लाग्यो, कति दिनमा आराम होला, के गरे शान्ति होला भनी सोध्यो भने तल लेखेका वार, तिथि, नक्षत्र ज्वर-पट चक्र हेरी लेखिए अनुसार यति-यति वस्तु दान गरिदिनु यति-यति दिनमा आराम हुनेछ भनी फल बताउनु ।

अथ वार ज्वरपट

वार र दिन				यति दिनमा निको होला यति-यति दान गर्नु ।		
रवि	१	५	९	रातो वस्त्र दान गरे यति दिनमा निको होला ।		
सोम	३	१०	१३	घृतकुम्भ	,,	,,
मङ्गल	४	१०	९	गुड़	,,	,,
बुध	५	६	१०	सुवर्ण	,,	,,
गुरु	४	१०	६	नून	,,	,,
शुक्र	१	४	१०	चन्दन	,,	,,
शनि	३	१९	२२	फलाम	,,	,,

तिथि ज्वरपट

तिथि र दिन				यति दान गरे यति दिनमा निको होला।		
प्रतिपदा	१	२	६	गुड़ दान गरे यति दिनमा निको होला।		
द्वितीया	७	११	१०	वस्त्र	,,	,,
तृतीया	४	८	१६	मोती	,,	,,
चतुर्थी	५	१०	२१	मुगा	,,	,,
पञ्चमी	१०	१५	१६	घृत	,,	,,
षष्ठी	९	५	१५	चित्रबस्त्र	,,	,,
सप्तमी	५	७	१५	तामा	,,	,,
अष्टमी	५	११	१५	पीतल	,,	,,
नवमी	३	१२	२२	रक्तवस्त्र	,,	,,
दशमी	१०	१५	२२	सुवर्ण	,,	,,
एकादशी	३	८	८	पीतवस्त्र	,,	,,
द्वादशी	८	१५	२५	कपास	,,	,,
त्रयोदशी	२	१०	२	सुवर्ण	,,	,,
चतुर्दशी	१	३	५	गहुँ	,,	,,
पूर्णिमा	९	११	३३	दही	,,	,,
औंसी	२	१०	३३	अमला	,,	,,

नक्षत्र ज्वरपट

नक्षत्र र दिन				यति-यति दान गरे यति दिनमा निको होला		
अश्विनी	११	२१	१८	ताम्र दान गर्नु यति दिनमा निको होला।		
भरणी	११	१२	३०	फलाम	,,	,,
कृत्तिका	९	११	७१	श्वेतवस्त्र	,,	,,
रोहिणी	३	७	९	सुवर्ण	,,	,,
मृगशिरा	१	१०	१८	काँसो	,,	,,
आर्द्रा	३	१०	२४	ब्राह्मण-भोजन	,,	,,
पुन०	७	९	२१	सुवर्ण	,,	,,
पुष्य	७	१८	२१	चन्दन	,,	,,
अश्लेषा	९	२०	३८	श्वेतवस्त्र	,,	,,
मघा	१०	२०	३०	रक्तवस्त्र	,,	,,
पूर्वाषाढा	४	३०	५०	गाई	,,	,,
उ०	७	१२	५१	माष	,,	,,
हस्त	८	९	१५	पीतवस्त्र	,,	,,
चित्रा	८	१०	११	गहुँ	,,	,,
स्वाती	८	१९	११	ब्राह्मण-भोजन	,,	,,
विशाखा	८	१२	२०	तिल	,,	,,
अनु०	६	१०	१३	गाई	,,	,,
ज्येष्ठा	१	१०	३०	चामल	,,	,,
मूल	८	१०	१८	ब्राह्मण-भोजन	,,	,,
पूर्वा	३०	४०	६०	गाई	,,	,,

नक्षत्र र दिन				यति यति दान गरे यति दिनभित्र निको होला।		
उ०	१६	८२	३०	सुवर्ण दान गरे यति दिनमा निको होला		
श्रवण	१०	२५	२०	फलाम	,,	,,
धनिष्ठा	१०	१३	५६	हतियार	,,	,,
शतभिषा	८	११	१६	रक्तवस्त्र	,,	,,
पूर्वा०	१०	७०	३०	रक्तवस्त्र	,,	,,
उ०	१७	१०	६२	कृष्णवस्त्र	,,	,,
रेवती	१६	१०	२७	तेल	,,	,,

रोगीको लग्नबाट दोष विचार

मेष लग्नमा रोगीले प्रश्न गरे देवीको दो जान्नू। वृष लग्नमा प्रश्न गरे पितृ-दोष जान्नु। मिथुनमा डाकिनी र कर्कटमा प्रेत-दोष जान्नु सिंहमा त्रिदोष र कन्यामा कुल देवताको दो जान्नु। तुलामा देवीको दोष, वृश्चिकमा नागक दोष जान्नु। धनमा यक्षिणीको दोष र मकरम ग्राम-देवताको दोष जान्नु। कुम्भमा जलदेवताक दोष र मीन लग्न (खेचर) मा ग्रह दो जान्नु॥ इति॥

अथ गोचर प्रकरणम्

ग्रहहरू एक एक राशिमा कति भोग गर्छन् र कुन अवस्थामा कति फल दिन्छन्—

सूर्य १ राशिमा १ मैह्ना रहन्छन्, प्रथम ५ दिन फल दिन्छन्
चन्द्र १ राशिमा २। दिन रहन्छन्, अन्त्यमा ३घड़ी फल दिन्छन्
भौम १ राशिमा १॥ महीना रहन्छन्, प्रथम ८ दिन फल दिन्छन्
बुध १ राशिमा १ महीना रहन्छन् र सदैव फल दिन्छन्
गुरु एक राशिमा १३ मैह्ना रहन्छन्, बीचमा २ मैह्ना फल दिन्छन्
शुक्र १ राशिमा १ मैह्ना रहन्छन्, बीचमा ७ दिन फल दिन्छन्
शनि १ राशिमा ३० मैह्नारहन्छन्, अन्त्यमा ६ मैह्ना फल दिन्छन्
राहू १ राशिमा १८ मैह्ना रहन्छन्, अन्त्यमा २ मैह्ना फल दिन्छन्
केतु १ राशिमा १८ मैह्ना रहन्छन्, अन्त्यमा२ मैह्ना फल दिन्छन्

ग्रहणहरूको उच्च-नीच ज्ञान

नवग्रह—	रवि	चन्द्र	भौम	बुध	गुरु	शुक्र	शनि	राहु	केतु
उच्चस्थान–	मेष	मकर	कन्या	कर्क	मीन	तुला	मि.	तुला	
नीचस्थान–	तुला	वृ.	कर्क	मीन	मकर	कन्या	मेष	धन	मेष

गोचरचक्रम्-ग्रहहरू कुन स्थानमा के फल दिन्छन्—

राशिनाम	रवि	चन्द्र	भौम	बुध	गुरु	शुक्र	शनि	राहु	केतु
तन १	स्थाननाश	लाभ	शत्रुभय	बन्धन	भय	शत्रुनाश	सर्वनाश	हानि	रोग
धन २	भय	धनलाभ	धननाश	धनागम	धनागम	धनागम	धनागम	धनागम	वैरत्व
सहज ३	धन	सुख	धनप्राप्ति	रोग	क्लेश	सौख्य	धनागम	वैरत्व	सुख
सुहृद ४	मानहानि	रोग	भय	धनलाभ	धननाश	धनागम	शत्रुवृद्धि	शोक	भय
सुत ५	दैन्य	कार्यनाश	अर्थप्राप्ति	भय	सुख	पुत्रप्राप्ति	पुत्रप्राप्ति	लक्ष्मीप्राप्ति	शोक
रिपु ६	विजय	लक्ष्मी	लाभ	स्थानलाभ	शोक	रिपुभय	धनागम	कलह	लक्ष्मीप्रा.
जाया ७	मारकेश	लक्ष्मी	खर्च	पीडा	मान	शोक	दोष	धनागम	मार्केश
मृत्यु ८	पीडा	मृत्यु	शत्रुभय	धनप्राप्ति	रोग	धनागम	शत्रुनाश	पापकर्म	रोग
धर्म ९	धननाश	राजभय	पिडा	रोग	सुख	वस्त्रप्राप्ति	धननाश	,,	दुष्कर्म
कर्म १०	सिद्धि	सुख	शोक	सौख्य	दैन्य	विपत्ति	अश्वलाभ	वैरत्व	शोक
आय ११	लाभ	लाभ	धनलाभ	सौख्य	लाभ	धनागम	धनागम	शौख्य	कीर्ति
व्यय १२	हानि	हानि	हानि	नाश	पीडा	अन्नलाभ	धननाश	शुचि	धननाश

बैला पञ्चाङ्ग

अरिष्ट ग्रहका दान र जप

रवि	चन्द्र	मंगल	बुध	गुरु	शुक्र	शनि	राहु	केतु
मानिक	तण्डुल	मूगा	पन्ना	चीनी	चित्रव.	माष	गोमेद	वैदूर्य
गहुँ	कपूर	गहुँ	सुन	हरदी	श्वेत	तेल	कौड़ी	नून
गोमेद	मोती	मसूरो	कांस	घोडा	गौ	नील	नीलम	तेल
रक्तवस्त्र	श्वेतवस्त्र	ताम्र	मूगा	फूल	हीरा	तिल	कंवल	तिल
गुड	काँसा	गुड	घृत	पीतवस्त्र	चाँदी	कृष्णवस्त्र	तिल	कम्बल
सुन	रौप्य	सुन	गोरू	पुष्पराज	सुन	महिष	तेल	कस्तुरा
ताम्र	दही	वस्त्र	पुष्प	नून	घृत	लोहा	लोहा	वस्त्र
कमल	श्वेतवस्त्र	करवीर	दही	सुन	चंदन	नीर	कृ.पु.	भेड़ा
रक्तच.	घृतकुम्भ	पुष्प	गजदंत	०	●	०		०
७०००	११०००	१००००	८०००	८०००	१०००	२३०००	१८०००	१७०००

प्रश्नादि हेर्ने विधि

१२ महीनाका १२ कोठा र १२ कुण्डली—अविद्या, जरामरण, जातिनाम, भगवान, उपा दान, त्रिवल, वेदान, आशाप्रश्न, सदायतन, नामरूप, बृषल र सहस्कार। १५ तिथिका १२ कोठा छन्। तृतीया, त्रयोदशी, अष्टमीमा औंसी, चौथीमा चतुर्दशी र पञ्चमीमा पूर्णिमा हेर्नु।

वैशाख १९।३१

ज्येष्ठ ३३।२७

आषाढ ३५।५



श्रावण ३३।२७



भाद्रपद ३३।२७



आश्विन ३०।३५



कार्तिक २९।३१



मार्ग २७।३३



पौष २५।३५



माघ २६।३४



फाल्गुन २७.३३



चैत्र ३० ३०



कुण्डली हेर्न जान्ने रीति

बाह्र महीनाका बाह्र कुण्डली छन् । प्रत्येक कुण्डलीमा प्रतिपदादेखि औंसी र पूर्णिमासम्म सोह्र तिथिहरू छन् । जुन महीनाका जुन तिथिमा जुन प्रश्न हेर्नु छ त्यस मैह्नाको त्यै तिथि खोज्नु । त्यसमा अविद्यादेखि सहस्कारसम्म बाह्र नामहरू छन् । त्यस महीनाको त्यही तिथि पक्री जुन घरमा अविद्यादि नाम परेको छ त्यै हेरी तल लेखे अनुसार नामले फल बताउनु ।

जन्म परीक्षा

(अविद्या) मा जन्म भएका बालकको दस वर्ष नौ महीहा र नौ दिनसम्म दुःख रहला । त्यस पछि निरोग भई विद्याभ्यास गरेर सज्जन बन्ला । यसको परमायु ८५ वर्ष छ ॥१॥

(जरामरण) मा जन्मेको बालकको १० वर्ष ९ महीना ५ दिनसम्म कष्ट पाउला, रोगी रहला । त्यसपछि सुखी भई आप्तहरूको प्रिय बन्ला ।

इज्जत कमाउला । शत्रुहरू अलि बर्ता होलान् । यसको परमायु ७५ वर्ष छ ॥२॥

(जातिनाम) मा जन्मेका बालकको ९ वर्ष ५ महीना र ५ दिनसम्म कष्ट रही दुःख पाउला । त्यसपछि सुखी र आफ्तलाई मदत दिने, गुणी र धनी होला । यसको परमायु ६८ वर्ष छ ॥३॥

(भगवान) मा जन्मेका बालकले सात वर्ष ८ महीना १२ दिन बराबर कष्ट भोग्दै रहला । यदि बांच्यो भने परोपकारी, सकलको मान्य गुणी र विद्यावान् तथा सच्चा भाषण गर्ने होला । यसको परमायु ६२ वर्ष छ ॥४॥

(उपादान) मा जन्मेको बालक दस वर्ष, ६ महीना र दस दिन रोगी रहला । त्यसपछि ठीक रहला । मिथ्या बोल्ने पापी र दुब्लो तथा सानु चित्तवाला लोभी होला । यसको परमायु ६० वर्ष छ ॥५॥

(त्रिबल) मा जन्मेमा बालकको १० वर्ष ११ महीना र दस दिन कष्ट रहला । त्यसपछि सुखी

लोकमान्य, ज्ञानी, धनी, विद्वान्, परोपकारी भई सधै स्वस्थ रहला। यसको परमायु ९५ वर्ष छ॥६॥

(वेदान) मा जन्मेको बालक ८ वर्ष र एक महीना २ दिन दुःखी रहला। त्यसपछि सुखी रहला। राजमान्य र इष्टमित्रसंग मेल-मिलाप राख्ला। यसको परमायु ५५ वर्ष छ ॥७॥

(आशाप्रश्न) मा जन्मेका बालकलाई ५ वर्ष २ महीना ५ दिन कष्ट रहला। त्यसपछि लोक-मान्य सुशील, ज्ञानी, धनधान्य र सन्तानहरूले सम्पन्न होला। यसको परमायु ७० वर्ष छ ॥८॥

(सदायतन) मा जन्मेका बालकलाई ८ वर्ष ८ महीना १८ दिन दुःख कष्ट रहला। त्यसपछि धनवान हुनेछ तर लोभी र परद्रोही पनि होला। यसको परमायु ६० वर्ष छ ॥९॥

(नामरूप) मा जन्मेका बालकलाई ६ वर्ष ६ महीना र १५ दिनसम्म कष्ट रहला। त्यसपछि बांचे सुखी र इलमी भई ठूलो नाम कमाउनेछ। यसको परमायु ८० वर्ष छ ॥१०॥

(वृषल) मा जन्मेका बालक ५ वर्ष ५ महीना र ५ दिन रोगी रहलान् । त्यसपछि धनधान्यपूर्ण हुनेछ । यसको परमायु ६० वर्ष छ ॥११॥

(सहस्कार) मा जन्मेका बालकको ४ वर्ष ९ महीना र ४ दिन कष्ट रहला । त्यसपछि भाग्यमानी, स्वस्थ शरीर भई ठूलो नाम कमाउला । यसको परमायु १०० वर्ष छ ॥१२॥

यात्रा विचार

(अविद्या) मा पूर्व गए स्थान लाभ । दक्षिण धनलाभ, पश्चिम अन्नलाभ, उत्तर सर्वसिद्धि ॥१॥

(जरामरण) मा पूर्व गए शत्रु भय । दक्षिण विग्रह । पश्चिम धनलाभ । उत्तर सुखलाभ ॥२॥

(जातिनाम) मा पूर्व गए लाभ, दक्षिणकलह । पश्चिम इच्छासिद्धि । उत्तर अर्थलाभ ॥३॥

(भगवान) मा पूर्व गए कार्यसिद्धि । पश्चिम वांछांसिद्धि । दक्षिण लाभ । उत्तर धनलाभ ॥४॥

(उपादान) मा पूर्व गए सन्तोष । दक्षिण गए धनलाभ । पश्चिम कष्ट । उत्तर यशलाभ ॥५॥

(त्रिबल) मा पूर्व गए लाभ। दक्षिण गए अन्नलाभ। पश्चिम कष्ट। उत्तर धनलाभ ॥६॥

(वेदान) मा पूर्व गएकष्ट। दक्षिण रोगमुक्त। पश्चिम क्रोधवृद्धि। उत्तर धनलाभ ॥७॥

(आशाप्रश्न) मा पूर्व गए कष्ट, दक्षिण संतोष प्राप्ति। पश्चिम सिद्धि। उत्तर कार्यसिद्धि ॥८॥

(सदायतन) मा पूर्व गए लाभ। दक्षिण वांछा सिद्धि। पश्चिम धनलाभ। उत्तर वांछासिद्धि ॥९॥

(नामरूप) मा पूर्व गए धनागम, दक्षिण वांछा सिद्धि। पश्चिम धनलाभ। उत्तर यशलाभ ॥१०॥

(बृषल) मा पूर्व गए कष्ट। दक्षिण झगड़ा। पश्चिम वांछासिद्धि। उत्तर धनलाभ ॥११॥

(सहस्कार) मा पूर्व गए अशुभ। दक्षिणसिद्धि प्राप्ति। पश्चिम सर्वसिद्धि। उत्तर वांछासिद्धि ॥१२॥

अथ चोरज्ञान

(अविद्या) मा माल चोरिएको भए। त्यो माल पूर्व दिशामा छ, कोशिश गरे पाइएला ॥१॥

(जरामरण) मा माल चोरिएको भये चोर उत्तर दिशामा छ । माल पाइन कठिन छ ।।२।।

(जातिनाम) मा माल चोरिएको भये त्यो पश्चिम दिशामा साबूत छ, झट्टै पाइने छ ।।३।।

(भगवान) मा माल चोरिएका भए त्यो माल र चोर पूर्वतिर साथै छ तर पाइन्न ।।४।।

(उपादान) मा माल चोरिएको भये त्यो पश्चिमतिर गएको छ, चोर निर्धो छ, पाइन्छ ।५।

(त्रिबल) मा माल चोरिएका भए त्यो चोर घरदेखि पश्चिम रहन्छ, चर लगाये मिल्ला ।।६।।

(वेदान) मा माल चोरिए माल र चोर मध्य बजारमा हुनाले पाइने आशा छ ।। ७ ।।

(आशाप्रश्न) मा माल चोरिएका भए चोर-लाई देख्ने मानिस छन्, पाइन्छ ।। ८ ।।

(सदायतन) मा चोरिएको भए घरकै चोर छ, माल नदी किनारमा हुनाले पाइन्न ।।९।।

(नामरूप) मा चोरिएका भए चोर दुई भाइ छन्, माल अर्कैका हात पर्‍यो पाइन्न ।। १० ।।

(वृषल) मा माल चोरिएको भए चोर ठूलो मुहुड़ाको छ, पाँच दिनभित्र पाइनेछ ।११।

(सहस्कार) मा माल चोरिए चोर पुड़को छ यसमा स्त्री पनि छ, पाइएला ।।१२।।

नेत्र फुरेको विचार

(अविद्या) का दिन वाम नेत्र फुरे झगडा । दक्षिण नेत्र फुरे सबै कार्य सिद्ध होला ।१।

(जरामरण) का दिन वायाँ नेत्र फुरे भित्री कष्ठ र दक्षिण फुरे शत्रु साधन होला ।।२।।

(उपादान) का दिन वाम नेत्र फुरे राजमान र दक्षिण फुरे दुःख कष्ट जाला ।। ३ ।।

(भगवान) का दिन वाम नेत्र फुरे आय र दक्षिण फुरे ठूलो खति होला ।।४।।

(त्रिबल) का दिन वाम नेत्र फुरे कष्ट र दक्षिण फुरे दुःख नाश (५)

(वेदान) का दिन वाम नेत्र फुरे नयाँ चीज मिल्ला र दक्षिण फुरे शुभ समाचार मिल्ला ।।६।।

(आशाप्रश्न) का दिन वाम नेत्र फुरे कलह र दक्षिण फुरे मित्र भेट होला ॥७॥

(सदायतन) का दिन वाम नेत्र फुरे अशुभ र दक्षिणा फुरे राजसभा प्रवेश होला ॥८॥

(नामरूप) का दिन वाम नेत्र फुरे धनागम र दक्षिण फुरे धन-धान्य प्राप्त होला ॥९॥

(वृषल) का दिन वाम नेत्र फुरे झगड़ा र दक्षिण फुरे धन-धान्य लाभ होला ॥१०॥

(सहस्कार) का दिन वाम नेत्र फुरे झगड़ा र दक्षिण फुरे धन-धान्य लाभ होला ॥११॥

यो नेत्र स्फुरण विचार स्त्री जातिको हेर्दा विपरीत फल बताउनु अर्थात् बायाँको दाहिना र दाहिनाको बायाँ फल बताउनु ।

बाहु फुरेको विचार

(जरामरण) मा दक्षिण फुरे देवपूजा लाभ तथा बायाँ कष्ट ॥२॥

(जातिनाम) मा दक्षिण बाहु फुरे देवपूजन बायाँ स्त्री-लाभ ॥३॥

(भगवान) मा दक्षिण वाहु फुरे चौर-भय
बायाँ कष्ट ॥४॥

(उपादान) मा दक्षिण बाहु फुरे अर्थ प्राप्ति
र बायाँ रोग, हानि ॥५॥

(त्रिबल) मा दक्षिणा बाहु फुरे कष्ट र बायाँ
अशुभ ॥६॥

(वेदान) मा दक्षिण बाहु फुरे रोगभय
तथा ढायाँ धन प्राप्ति ॥७॥

(आशाप्रश्न) मा दक्षिण वाहु फुरे मित्रभेट
बायाँ धनलाभ ॥८॥

(सदायतन) मा दक्षिण वाहु फुरे अतिथि
आगमन, बायाँ अशुभ ॥९॥

(नामरूप) मा दक्षिण बाहु फुरे धनागम,
बायाँ वस्त्र प्राप्ति ॥१०॥

(वृषल) मा दक्षिण बाहु फुरे मित्रागमन,
बायाँ मिष्ठ भोजन ॥१ ॥

(सहस्कार) मा दक्षिण बाहु फुरे कष्ट तथा
बायाँ धान्य लाभ ॥१२॥

जाँघ फुरेको ज्ञान

(अविद्या) मा जाँघ फुरे शुभ कार्य होला ॥ १ ॥
(जरामरण) मा जाँघ फुरे महाकष्ट होला ॥ २ ॥
(जातिनाम) मा जाँघ फुरे स्त्रीलाभ होला ॥३॥
(भगवान) मा जाँघ फुरे महाकष्ट होला ॥४॥
(उपादान) मा जाँघ फुरे शुभवार्ता सुन्ला ॥५॥
(त्रिबल) मा जाँघ फुरे मिष्ठ भोजन मिल्ला ॥६॥
(वेदान) मा जाँघ फुरे आप्तसँग भेट होला ॥७॥
(आशाप्रश्न) मा जाँघ फुरे महाकष्ठ होला ॥८॥
(सदायतन) मा जाँघ फुरे मित्र भेट होला ॥९॥
(नामरूप) मा जाँघ फुरे इच्छित फलसिद्धि ॥१०॥
(बृषभ) मा जाँघ फुरे अत्यन्त शुभ होला ॥११॥
(सहस्कार) मा जाँघ फुरे इच्छासिद्धि होला ॥१२॥

भूमिचालको विचार

(अविद्या) मा भूमिचाल गए मेल होला ॥१॥
(जरामरण) मा भूमिचाल गए शुभ होला ॥२॥
(जातिनाम) मा भूमिचाल गए रोग होला ॥३॥
(भगवान) मा भूमिचाल गए अग्निभय होला ॥४॥

(उपादान) मा भूमिचाल गए अतिथिआगमन ।।५।।
(त्रिबल) मा भूमिचाल गए अकाल होला ।।६।।
(वेदान) मा भूमिचाल गए रोग बढ्ला ।।७।।
(आशाप्रश्न) मा भूमिचाल गए झगड़ा होला ।।८।।
(सदायतन) मा भूमिचाल गए अनावृष्टि होला ।।९।।
(नामरूप) मा भूमिचाल गए शत्रुनाश होला।।१०।।
(वृषल) मा भूमिचाल गए शुभ होला ।।११।।
(महस्कार) मा भूमिचाल गए सिद्धि मिल्ला ।।१२।।

काक शब्द विचार

(अविद्या) मा दक्षिणतिर काग कराए स्वामी मिलन होला । बायाँतिर कराए धन मिल्ला। सम्मुख कराए कोही आउला ।। १ ।।

(जरामरण) मा दक्षिणतिर काग कराए झगड़ा होला, बायाँतिर कराए असल होला र सम्मुख कराए स्त्री-कष्ट होला ।।२।।

(जातिनाम) मा दक्षिणतिर काग कराए भय, बायाँतिर कराए प्रियवस्तु लाभ होला र सम्मुख कराए हानि होला ।।३।।

(भगवान) मा दक्षिणतिर काग कराए पाहुना आउनन्, बायाँतिर कराए मृत्यु होला र सन्मुख कराए असल कुरा सुनिएला ॥४॥

(उपादान) मा दक्षिणतिर काग कराए अतिथि आउनन्, बायाँतिर कराए मृत्यु होला र सम्मुख कराए हानि होला ॥५॥

(त्रिबल) मा दक्षिणतिर काग कराए बन्धु भेट होला, बायाँतिर कराए असल कुरा सुनि- एला र सम्मुख कराए चौर-भय होला ॥६॥

(वेदान) मा दक्षिणतिर काग कराए प्रिय प्राप्ति होला, बायाँतिर कराए अकस्मात् धन प्राप्त होला र सम्मुख कराए लाभ होला ॥७॥

(आशाप्रश्न) मा दक्षिणतिर काग कराए झगड़ा र बायाँतिर काग कराए मित्रसित भेट तथा सम्मुख कराए लाभ होला ॥८॥

(सदायतन) मा दक्षिणतिर काग कराए रोग आउला र बायाँतिर कराए विरोध होला तथा सम्मुख कराए लाभ होला ॥९॥

(नामरूप) मा दक्षिणतिर काग कराए धन मिल्ला र बायाँतिर कराए वस्त्र-लाभ तथा सम्मुख कराए धन-हानि होला ॥१०॥

(बृषल) मा दक्षिणतिर कराए अमंगल र बायाँतिर कराए युद्ध होला तथा सम्मुख कराए रोग आउला ॥११॥

(सहस्कार) मा दक्षिणतिर काग कराए अशुभ र बायाँतिर कराए संग्राम पर्ला । सम्मुख कराए झगड़ा होला ॥१२॥

बेथा लागेको विचार

[अविद्या] मा बेथा लागे देवीको भाकल देखिन्छ पूजा गरिदिनु चांडै निको होला ॥१॥

[जरामरण] मा बेथा लागेको भए प्रेत-दोष छ, बलि दिनु ९ दिन भित्र निको होला ॥२॥

[जातिनाम] मा बेथा लागे शिवको पूजा-पाठ गरिदिनु १२ दिनमा निको होला ॥३॥

[भगवान] मा बेथा लागे बोक्सीको नजर परेको छ, झार फूक गर्नू चाँडै निको होला ॥४॥

[उपादान] मा बेथा लागे घौरालीको दोष छ, पूजा गरिदिनु ५ दिनमा निको होला ।।५।।

[त्रिबल] मा बेथा लागेको भए भैरवको पूजा गरिदिनु ९ दिनभित्र निको होला ।।६।।

[वेदान] मा बेथा लागेको भए कुलदेवताको दोष छ. पूजा गर्नु २१ दिनमा निको होला ।।७।।

[सड़ायतन] मा बेथा लागे आकाश देवता-को दोष छ, उतारा गरिदिनु निको होला ।।८।।

[नामरूप] मा बेथा लागेको भए कष्ट छ, नवग्रहको पूजा पाठ गरिदिनु ।।९।।

[आशाप्रश्न] मा बेथा लागेको भए वायुको दोष देखिन्छ, स्थान दिनु निको होला ।।१०।।

[बृषल] मा बेथा लागेको भए महाकष्ट र खड्गो छ, पूजा-पाठ गरे बाँच्ने आशा छ ।।११।।

[सहस्कार] मा बेथा लागेको भए भूमिदेवको दोष छ, ५ दिनभित्र निको नभए कठिन छ; खूब विचार राख्नु ।।१२।।

अग्निमा माल वस्त्र डढेको विचार

[अविद्या] मा वस्त्रादि डढे कष्ट हुनेछ ॥१॥
[जरामरण] मा डढे निकै अशुभ हुन्छ ॥२॥
[जातिनाम] मा वस्त्र डढे धनलाभ हुनेछ ॥३॥
[भगवान] मा डढेदेखि झगड़ा उठनेछ ॥४॥
[उपादान] मा डढे कलह वार्ता सुनिनेछ ॥५॥
[त्रिबल] मा डढेदेखि धन प्राप्त हुनेछ ॥६॥
[वेदान] मा वस्त्र ढढे केही टण्टा उत्पन्न हुनेछ ॥७॥
[आशाप्रश्न] मा वस्त्र डढे मुर्दा देखिनेछ ॥८॥
[सदायतन] मा वस्त्र डढे अनिकाल पर्नेछ ॥९॥
[नामरूप] मा डढे कुनै मुर्दा देखिनेछ ॥१०॥
[बृषल] मा वस्त्र डढे धन प्राप्त हुनेछ ॥११॥
[सहस्कार] मा डढे निकै अशुभ हुन्छ ॥१२॥

मूसाले वस्त्र काटेको विचार

[अविद्या] मा मूसाले वस्त्र काटे कष्ट देखिन्छ ॥१॥
[जरामरण] मा काटे भागेको देखिन्छ ॥२॥
[जातिनाम] मा काटे बढिया वस्त्र मिल्नेछ ॥३॥
[भगवान] मा काटे कलह वार्ता सुनिनेछ ॥४॥

[उपादान] मा काटै घरमा झगड़ा हुनेछ ॥५॥
[त्रिबल] मा वस्त्र काटै कुनै मुर्दा देखिनेछ ॥६॥
[वेदान] मा काटै नयां वस्त्र मिल्नेछ ॥७॥
[आशाप्रश्न] मा काटै धन सम्पति मिल्ला ॥८॥
[सदायतन] मा लुगा काटै लाभादि होला ॥९॥
[नामरूप] मा काटै अन्नपानादि मिल्ला ॥१०॥
[वृषल] मा वस्त्र काटै नष्ट वस्तु मिल्नेछ ॥११॥
[सहस्कार] मा वस्त्र काटै सम्पति मिल्नेछ ॥१२॥

बाङ्ली लागेको विचार

[अविद्या] मा बाडुली लागे अतिथि आउनन् ॥१॥
[सहस्कार] मा बाडुली लागे अशुभ हुनेछ ॥२॥
[वृषल] मा बाडूली लागे कोही आउनन् ॥३॥
[नामरूप] मा बाडुली लागे वस्त्र·प्राप्त हुनेछ ॥४॥
[सदायतन] मा बाडुली लागे इच्छा पुग्नेछ ॥५॥
[आशाप्रश्न] मा बाडुली लागे स्थान–प्राप्ति ॥६॥
[वेदान] मा बाडुली लागे सम्पत्ति प्राप्ति ॥७॥
[त्रिबल] मा बाडुली लागे शुभ वस्तु प्राप्ति ॥८॥
[उपादान] मा बाडुली लागे मुर्दा देखिनेछ ॥९॥

[भगवान] मा बाड्ली लागे अतिथि आगमन॥१०॥
[जातिनाम] मा बाडुली लागे चौर—भय ॥११॥
[जरामरण] मा बाडुली लागेको शुभ हुनेछ ॥१२॥

ठेस लागेको विचार

[अविद्या] मा ठेस लागे अतिथि आउनन् ॥१॥
[सहस्कार] मा ठेस लागे परदेश गमन ॥२॥
[वृषल] मा ठेस लागे वस्त्र प्राप्ति हुनेछ ॥३॥
[नामरूप] मा ठेस लागे धेरै धन प्राप्ति ॥४॥
[सदायतन] मा ठेस लागे कोही आउनन् ॥५॥
[आशाप्रश्न] मा ठेस लागे शुभ वार्ता सुन्नेछ ॥६॥
[वेदान] मा ठेस लागे परदेशी घर फिर्नन् ॥७॥
[त्रिबल] मा ठेस लागे आफन्तको मृत्यु ॥८॥
[उपादान] मा ठेस लागे देहमा कष्ट हुनेछ ॥९॥
[भगवान] मा ठेस लागे धनधान्य प्राप्ति ॥१०॥
[जातिनाम] मा ठेस लागे कोही आउनन् ॥११॥
[जरामरण] मा ठेस लागे झगड़ा हुनेछ ॥१२॥

स्वप्न विचार

[अविद्या] मा स्वप्न देखे रोग भय जान्नु ॥१॥

[जरामरण] मा स्वप्न देखे इच्छितवस्तु प्राप्त ॥२॥
[जातिनाम] मा स्वप्न देखे आप्तसँग झगड़ा ॥३॥
[भगवान] मा स्वप्न देखे ठुलै झगड़ा पर्नेछ ॥४॥
[त्रिबल] मा स्वप्न देखे इच्छासिद्धि हुनेछ ॥५॥
[उपादान] मा स्वप्न देखे राज-दर्शन हुनेछ ॥६॥
[वेदान] मा स्वप्न देखे वस्त्र प्राप्ति हुनेछ ॥७॥
[आशाप्रश्न] मा स्वप्न देखे धन प्राप्ति ॥८॥
[सदायतन] मा स्वप्न देखे घटिया कुराखुनिन्छ॥९॥
[नामरूप] मा स्वप्न देखे मृत्यु सुनिनेछ ॥१०॥
[वृषल] मा स्वप्न देखे अतिथि आगमन ॥११॥
[सहस्कार] मा स्वप्न देखे मिष्ट भोजन प्राप्ति ॥१२॥

कुकुर रोएको विचार

[अविद्या] मा कुकुर रोए रोग आउला ॥१॥
[जरामरण] मा कुकुर रोए रोग चम्कला ॥२॥
[जातिनाम] मा कुकुर रोए कोही मर्नेछ ॥३॥
[भगवान] मा कुकुर रोए अशुभ सुनिने छ ॥४॥
[उपादान] मा कुकुर रोए महाकष्ट होला ॥५॥
[त्रिबल] मा कुकुर रोए गाउँमा कसैको मृत्यु ॥६॥

[वेदान] मा कुकुर रोए पक्का रोगी मर्नेछ ॥७॥
[आशाप्रश्न] मा कुकुर रोए घरमै कोही मर्ला ॥८॥
(सदायतन) मा कुकुर रोए जूठो सुनिने छ ॥९॥
(नामरूप) मा कुकुर रोए अशुभ होला ॥१०॥
(वृषल) मा कुकुर रोए महामारी आउला ॥११॥
(सहस्कार) मा कुकुर रोए सर्वनाश गर्ला ॥१२॥

षोडश शकुन विचार

प्रश्न गर्नेले स्नान गरी, शुचि भई फूल, अक्षता दूभो, द्रब्य लिई प्रश्न मनमनै चिताई तलका चक्रको कोठाहरूमध्ये यौटामा औंला राखिदिनु, जुन नाम आउँछ त्यसको फल हेर्नु ।

कृष्ण १	काल ५	वलराम ९	द्विविद १३
कंस २	राम ६	रावण १०	शिव १४
नृसिंह ३	कशिपु ७	वामन ११	बलि १५
केशी४	वराह ८	कलि १२	कल्कि १६

❁ कृषण—१ ❁

घटला दुःख जती होला, बढ़ला सद्धर्म सम्पति।
घटला शोच विपत् जाला, चित्त होला सुखी अति!

❁ कंस—२ ❁

पर्ला विपत्तिमा सारै, फस्ला दुःख निकै परो।
जाला सुख बगी सारा, चिन्ता पर्ला थरी-थरी!

नृसिंह—३

पाउला मनले शान्ति, शोभा बढ़ला घड़ी-घड़ी।
जाला दूर भई भ्रान्ति, छुटला कष्ट डढी-डढो!

❁ केशि—४ ❁

होला सम्पत्तिको नाश, टुटला आशा भए जति।
देला जङ्गलको वास, लेला भ्रष्ट गरी मति!

❁ काल—५ ❁

पर्नजाला विपत् भारी पार्नखोज्ला धुलो-पिठो।
टुट्न जाला छुटो नारी, छुटनखोज्ला मिठो-पिठो॥

राम—६

अंगमा आउला रंग, जंगमा पाउला यश।
बड़ाको रहला संग, खड़ा होला सबै रस॥

कशिपु—७

खाला चित्त सदा धोका, जाला आनन्द मैधुलो ।
पर्ला विपत्तिको धोका, बगी अन्यायको कुलो ॥

वराह--८

पाउला सुख सन्तोष, आउला होश काममा ।
छुटन जाला सबै दोष, रहला कीर्ति नाममा ॥

वलराम--९

डढ़ला दुःख भई दूर, कीर्ति धर्म बढी अति ।
पीर चिन्ता भई चूर, बन्ला स्वच्छ भई मति ॥

रावण—१०

देला कार्य गरी हानि लेला प्राण पनी हरी ।
जाला हीन भई पानी पर्दा अज्ञानको परी ॥

वामन—११

वर्षला सुखको धारा, तर्सला शत्रुको बल ।
पुग्नेछ मनको आश, बन्नेछ कीर्ती उज्ज्वल ।

कलि--१२

छलीको पेचमा पर्ला हराएर सबै सुख ।
गर्नु आपत्तिले गर्ला मर्म पर्ला झुकी मुख ॥

द्विविद--१३

जाला भ्रष्ट भई स्थान, होला नांगो सदा मन ।
छुटला नत्र बढी मान, बग्ला बेकाममा धन ॥

शिव १४

मिल्ला आनन्दको राज, पुग्ला इच्छा गरे जति ।
बन्न जाला सबै काज, गर्न मिल्ला मजा अत्ति ॥

बली १५

जाला आयु भई क्षीण, होला भिन्नसबै कुरा ।
पर्ला बस्नु बनी खिन्न, सर्ला आपत्तिको छुरा ॥

कल्की १६

भेट होला सबै साथ काम बन्ला जहाँ पनि ।
बस्ला उच्च भई हात, दुःख खस्ला भई मनि ॥

लग्नबाट शकुन विचार—



प्रश्नकर्ताले प्रश्न हेर्दा स्नान गरी पवित्र भई दूभो, द्रब्य हातमा लिई मनमा प्रश्न चिताई छेउका चक्रको कोठाहरूमध्ये यौटा कोठामा औंलाले छुनु । जुन नाम आउँछ त्यस नामको फल हेर्नु आफ्नू हुनेहुनामी ठीकसित थाहा हुन्छ ।

मेष राशिको फल

हे पृच्छक ! तिमीले चिताएको प्रश्न राम्रो देखिन्छ । व्यापार गर्नको प्रश्न भए यस व्यापारमा धेरै नाफा हुनेछ गरिहाल भनिदिनु । परदेशीको प्रश्न भए त्यो परदेशी केही काममा अल्झेको छ, केही बिलम्बले घर आउला भनिदिनु । कुनै बड़ा मानिसको प्रश्न भए त्यससंग लाभ हुने छैन । तर संगत गरे असलै होला भनिदिनु । झै झगड़ा को प्रश्न भए त्यससंग लडे जय हुनेछ भनिदिनु । कुनै गृह कार्यको प्रश्न भए त्यो घर उत्तम छ शुभ हुनेछ भनिदिनु । कुनै रोगीको प्रश्न भए उसलाई देवीको दोष छ । देवीका पूजा पाठादि गरिदिए रोगीलाई आराम हुन्छ भनिदिनु ।

इति मेष राशि फलम् ।

वृष राशिको फल

हे पृच्छक ! तिमीले चिताएको प्रश्न अत्युत्तम देखिन्छ । ब्यारको प्रश्न भए यसमा धेरै लाभ छ भनिदिनु । परदेशीको विषयमा सोधे त्यो निरोग र खुशी छ छिटै घर आउने छ भनिदिनु । कुनै राजा वा जमींदारको प्रश्न भए यसमा तिमीले चिताएको पुग्नेछ भनिदिनु । झगड़ाको कुरा सोधे शत्रु बरबाद भई शरण पर्न आउने छ भनिदिनु । घर विषयमा सोधे त्यस घरबाट धन-धान्य, पुत्र-पौत्र, इष्ट-मित्र आदिले युक्त हुनेछ भनिदिनु । रोगीको विषयमा सोधे शिवको दर्शन, पूजन आदि गरिदिए रोगीलाई शीघ्र नै आराम होला भनिदिनु ।

इति वृष राशि फलम् ।

मिथुन राशिको फल

हे पृच्छक चिताएको प्रश्न मध्यम देखिन्छ । व्यापारको प्रश्न भए यसमा हानि हुनेछ भनिदिनु । घर सम्बन्धी कुरा सोधे त्यस घरमा नाग छ शुभ हुदैन भनिदिनु । परदेशीको विषयमा सोधे त्यो बीमार हुनाले चाँडै घर आउदैन भनिदिनु । राजगृहको कुरा सोधे त्यहाँ सम्बन्ध नगर्नु गरेमा अपयश मिल्नेछ भनिदिनु । रोगीको विषयमा सोधे रोग ठिक्कैको छ, उचित यत्न नगरे, रोगी सान्है हुनेछ भनिदिनु । झै-झगड़ाको कुरा सोधे मेल गर, नगरेमा उल्टा पर्नेछ भनिदिनु । गर्भको विषयमा सोधे यसमा गर्भ तुहुने बड़ो डर छ, उपाय गर्दा अड़ियो भने सुलक्षणले युक्त कन्या हुंनेछ भनिदिनु ।

॥ इति मिथुन राशि फलम् ॥

कर्कट राशिको फल



हे पृच्छक ! तिमीले चिताएको प्रश्न राम्रो छैन । यसमा राम्रो देखिदैन । झगड़ाको प्रश्न भए शत्रु बलियो छ । तिम्रो हार हुनेछ भनिदिनु । व्यापारको प्रश्न भए यसमा मूलधन समेत डुब्ने डर छ तथा घर जमीनको प्रश्न भए त्यस जमीनमा झगड़ा लाग्ला भनिदिनु । परदेशीको प्रश्न भए परदेशी साह्रै बिमार छ, चाँडै आउने छैन भनिदिनु । राजगृहको प्रश्न भए शत्रु बली छैन बात लाग्ला भनिदिनु । गृहकार्यको प्रश्न भए त्यस घरमा भूतको वास छ यौटा सधैं बिमार भै रहला भनिदिनु । रोगीको प्रश्न भए, ठिक छैन पिर्नेछ, रोग असाध्य छ दान, धर्म र पूजा पाठ गराइ दिए शान्ति हुनेछ भनिदिनु ।

॥ इति कर्कट राशि फलम् ४ ॥

सिंह राशिको फल

हे पृच्छक ! तिम्रो प्रश्न अति उत्तम देखिन्छ । व्यापारको प्रश्न भए यसमा दोवर तेबर नाफा हुन्छ गर भनिदिनु । रोगीको कुरा सोधे चाँडै निको हुनेछ भनिदिनु । चाकरीको प्रश्न भए उसबाट धेरै लाभ होला गर भनिदिनु । परदेशीको प्रश्न भए तीन दिनभित्र काम पूरा गरी सकुशल फर्कने छ भनिदिनु । गृहकार्यको प्रश्न भए त्यहाँ लक्ष्मीको वास छ, धन-धान्यको वृद्धि होला भनि-दिनु । झगड़ाको प्रश्न भए शत्रु वश पर्नेछ र जीत हुनेछ भनिदिनु । गर्भिणीको प्रश्न भए यसमा वंश बढ़ाउने र पंडित तथा सुपुत्र होला भनिदिनु । चाकरीको प्रश्न भए—मालिक वेश छ त्यसको चाकरी गर भनिदिनु ।

॥ इति सिंह राशि फलम् ॥

कन्या राशिको फल

हे पृच्छक ! तिमीले चिताएको प्रश्न राम्रो छ। व्यापारको प्रश्न भए खूब नाफा होला गर भनिदिनू। चाकरीको प्रश्न भए मालिक बहुतै वेश छ, लाभ होला गर भनिदिनू ! परदेशीको प्रश्न भए कार्य पूरा गरी चाँडै नै फर्कनेछ भनिदिनू। झगडाको प्रश्न भए तिम्रो जीत होला--भनिदिनू। ठूला मानिससंग मैत्रीको प्रश्न भए, त्यसबाट सबै भलो नै हुनेछ भनिदिनू। गृहकार्यको प्रश्न भए त्यो घर धेरै लक्षणको छ, राम्रो होला भनिदिनू। गर्भको प्रश्न भए अत्यन्त सुशील कन्या जन्मने छ र साम कुलको उद्धार गर्नेछ भनिदिनू।

॥ इति कन्या राशि फलम् ॥६॥

तुला राशिका फल



हे पृच्छक ! तिमीले चिताएको प्रश्न मध्यम देखिन्छ । कुनै झगडाको प्रश्न भए शुन्याइँले जीत होला नत्र शत्रुले थिच्नेछ । व्यापारको प्रश्न भए यसमा अग्निको डर छ भनिदिनू । परदेशीको प्रश्न भए नजीकै आइसकेको छ, बाटामा अड्केको छ छिटै आउँछ भनिदिनू ।

गृहकार्यको प्रश्न भए त्यस घरमा भूतको दोष छ नबस्नू बसेमा भूतको पूजा गर भनिदिनू । रोगीको प्रश्न भए त्यसको रोग कड़ा छ, प्रयत्न गरे आराम होला नत्र गाह्रो पर्ला पर्ला भनिदिनू । मित्र सम्बन्धी प्रश्न भए त्यो मित्र कपटी छ होश गर भनिदिनू । गर्भको प्रश्न भए त्यती राम्रो छैन कन्याको जन्म हुनेछ र त्यसले आमालाई कष्ट दिनेछ भनिदिनू ।

॥ इति तुलाराशि फलम् ॥७॥

वृश्चिक राशिको फल



हे पृच्छक ! तिमीले चिताएको प्रश्न राम्रो छैन । व्यापारको कुरा भए हानि होला भनिदिनू । परदेशीको कुरा सोधे त्यो घोर संकटमा परेको छ, झट्ट आउन सक्दैन भनिदिनू । चाकरीको विषयमा सोधे त्यो मालिक कष्टी छ, त्यसको सेवाले यश मिल्ने छैन भनिदिनु । झगड़ाको विषयमा सोधे वैरी निकै बलवान् छ मेल नगरे हार्नेछौ भनिदिनु । गृह कार्यको प्रश्न भये त्यस घरमा भूतको बास छ, राम्रो हुने छैन भनिदिनु । रोगीको प्रश्न भये निको हुन गाह्रो छ गणेशको पूजा र दान आदि गरीदिए राम्रो होला भनिदिनु । गर्भको प्रश्न भए यो गर्भ राम्रो छैन ।

खूनो पुत्रको जन्म होला भनिदिनु ।

(इति वृश्चिक राशिफलम् ८)

धन राशिको फल

हे पृच्छक ! तिमीले चिताएको प्रश्न राम्रो छ । व्यापारको प्रश्न भए––लाभ होला गर भनिदिनु । परदेशीको प्रश्न भए धेरै धन सम्पत्ति लिई ७ दिन भित्रमा आउने छ भनिदिनु । झगड़ाको प्रश्न भए जीत होला भनिदिनु । राजगृहको प्रश्न भए धन र यश मिल्ने छ भनिदिनु । रोगीको प्रश्न भए त्यो रोगी ५ दिन भित्रमा निको हुन्छ भनिदिनु । गृह कार्यको प्रश्न भए त्यस घरमा शुभ धनधान्य वृद्धि होला भनिदिनु विवाहको प्रश्न भएधेरै राम्रो छ वर कन्या दुवैको वृद्धि छ भनिदिनु । मित्र सम्बन्धी प्रश्न भए त्यो मित्र अति उत्तम छ भनिदिनु ।

॥ इति धन राशिफलम् ९ ॥

मकर राशिको फल

हे पृच्छक ! तिमीले चिताएको प्रश्न राम्रो छैन झगडाको प्रश्न भए शत्रु आफू भन्दा बलियो छ, मेल गर भनिदिनु । परदेशीको प्रश्न भए धेरै घाटा सहेर चाँडै घर आउने छ भनिदिनु । चाकरीको प्रश्न भए त्यस मालिकसंग सुख मिल्ने छैन भनिदिनु । गृह कार्यको प्रश्न भये त्यस घरमा राम्रो छैन सत्यानाश हुनेछ भनिदिनु । रोगीको प्रश्न भए रोगीलाई ठूलो दशा छ, प्रयत्न गर्नाले राम्रो हुनेछ नत्र गाह्रो छ भनिदिनु । गर्भ सम्बन्धी प्रश्न भए त्यस बालकबाट हानि हुनेछ भनिदिनु । विवाह सम्बन्धी प्रश्न भए दुवै पक्षको क्षति छ भनिदिनु । मित्र सम्बन्धी प्रश्न भये त्यो मित्र कप्टी छ मित्रता गरे हानि हुने डर छ नगर भनिदिनु ।

(इति मकर राशिफलम् १०)

कुम्भ राशिको फल

हे पृच्छक ! तिमीले चिताएको प्रश्न उत्तम छ । लाभको प्रश्न भए धन जन लाभ हुनेछ छिटो गर भनिदिनु । परदेशीको प्रश्न भए त्यो आफ्नो कार्य पूरा गरी छिटै हर्ष हुदै घर आउने छ भनि दिनु । राजगृहको प्रश्न भए त्यसमा सम्मान मिल्नेछ इच्छा पूर्ति हुनेछ । झगड़ाको प्रश्न भए तिम्रो जीत हुनेछ र धेरै सम्पति पनि मिल्नेछ भनिदिनु ! रोगीको प्रश्न भए रोगी ५ दिन भित्र निको हुनेछ भनिदिनु । विवाहको प्रश्न भए वर कन्या दुवै असल छन् र त्यससंग सम्बन्ध गरे दुवै तर्फको भलो हुनेछ भनिदिनु ।

(इति कुम्भ राशिफलम् ११)

मीन राशिको फल



हे पृच्छक ! तिमीले चिताएको प्रश्न असल देखिन्छ । व्यापार सम्बन्धी प्रश्न भए धेरै नाफा हुनेछ गरिहाल भनिदिनु । राज गृहको प्रश्न भए, सम्मान, यश मिल्नेछ भनिदिनु । झगड़ाको प्रश्न भए तिम्रो जीत हुनेछ र वैरी तिम्रो शरणमा आउनेछ भनिदिनु । गृहकार्यको कुरा सोधे त्यस घरमा सन्तान र धन-धान्यले परिपूर्ण होला भनिदिनु । रोगीको कुरा सोधे रोगी छिटै आराम हुनेछ भनिदिनु । मित्रको कुरा सोधे त्यो मित्र धेरै असल छ मैत्री गर भनिदिनु । बिहेको विषयमा सोधे वर कन्या दुवै तर्फका असल छन् बिहे गर भनिदिनु । परदेशीको कुरा सोधे त्यो काम सिध्याई छिटै आउने छ भनिदिनु ।

इति मीन राशि फलम् ।

राशि शकुन विचार समाप्त भयो ।

अथ बार फलम्

रविवार—जन्म भएको पुरुष दानी, शूरवीर र परोपकारा तथा पित्त प्रकृतिको एवं रातो वर्ण भएको र खरो मिजासको होला ॥१॥

सोमवार—जन्मेको पुरुष ज्ञानी, पण्डित र सबैको मान्य हुनेछ, कफ प्रकृतिको, मिजासिलो होला ।

भौमबार—जन्मेको पुरुष लड़ाइ-झगड़ा गर्ने र खूब नीतिज्ञ तथा ज्ञानी हुनेछ । रातो वर्णको तथा शरीर केही बांगिएको होला ॥३॥

बुधवार—जन्म भएको पुरुष खूब राम्रो र मसीतु एवं मीठी बोल्ने होला । व्यापारी तथा पण्डित र पहेलो वर्णको होला ॥४॥

गुरुवार—जन्मेको पुरुष गठित, राज मान्य र मिलनसार, नम्र र चतुर होला ॥५॥

शुक्रवार—जन्मेको पुरुष बुद्धिमान, सफाईले रहने, सत्वगुणो र गोरो होला ॥६॥

शनिवार—जन्मेको पुरुष रोगी, फितलो देह भएको क्रूर मिजासको रिसाहा होला ॥७॥

* अथ नक्षत्र फलम् *

अश्विनी–नक्षत्रका स्वामी मंगल हुन् । मेष राशि र देवता गण तथा आद्य नाड़ी, अश्व योनि एवं क्षत्रिय वर्ण हो । यो मानिस निकै नै धनी, तेजस्वी, राजकाज जान्ने, धर्मात्मा दानी तथा रातो वर्णको होला । मुखमा शीतला माताको खत र बर्ता रीसाहा होला ॥१॥

भरणी–नक्षत्रका स्वामी मंगल हुन् र मेष राशि, मनुष्य गण, आद्य नाडी, गज योनि तथा क्षत्रिय वर्ण हो । यो मनुष्य सत्यवादी र स्त्रीमा लम्पट होला । इश्वर भक्त र सन्तोषी होला । रातो वर्ण र मुखमा केही दाग अथवा कोठी भएको तथा अत्यन्त रिसाहा होला ॥२॥

कृत्तिका–नक्षत्रको प्रथम चरणका स्वामी मंगल हुन् । द्वितीय, तृतीय र चतुर्थ चरणका स्वामी शुक्र हुन् । प्रथम चरणको मेष राशि, राक्षस गण, अन्त्य नाडी र भेड़ा योनि तथा क्षत्रिय वर्ण हो । द्वितीय तृतीय र चतुर्थ चरण वैश्य वर्ण हो । यो ।

मानिस अत्यन्त कृपण, पापकर्मी दुःखी होला। लामू मुहुड़ाको, कम बोल्ने र कष्टी होला ॥ ३ ॥

रोहिणी—नक्षत्रका स्वामी शुक्र, वृषराशि र मनुष्य गण, अन्त्य नाड़ी र सर्प योनि तथा वैश्य वर्ण हो। यो मानिस सत्यवादी, पितृभक्त, दाता पठित, राम्रो र सुखी होला ॥४॥

मृगशिरा—नक्षत्रका प्रथम, द्वितीय चरणका स्वामी शुक्र र तृतीय चतुर्थ पाउका स्वामी बुध हुन्। प्रथम, द्वितीय चरण वृष राशि र तृतीय, चतुर्थ चरण मिथुन राशि हो। देवगण, मध्यनाड़ी र सर्प योनि हो। प्रथम, द्वितीय चरण वैश्य वर्ण र तृतीय, चतुर्थ चरण शूद्र वर्ण हो। यो मानिस धर्मात्मा, सर्वमान्य र धैर्यवान् होला ॥५॥

आर्द्रा—नक्षत्रका स्वामी बुध, मनुष्यगण, आद्य नाडी कुकुर योनि र शूद्रवर्ण, मिथुन राशि हो। यो मानिस बडो अभिमानी, दुब्लो, पापीको संगत गर्ने, निर्धन, क्रोधी तथा व्यभिचारी होला ॥६॥

पुनर्वसु नक्षत्रको प्रथम, द्वितीय, तृतीय पाउका

स्वामी बुध हुन् । चौथो पाउका स्वामी चन्द्रमा र प्रथम, द्वितीय, तृतीय चरण मिथुन राशि हो चौथो चरण कर्कट राशि हो । देवता गण, आद्य नाड़ी र विरालो योनि हो । प्रथम, द्वितीय, तृतीय पाउ शूद्र वर्ण र चतुर्थ पाउ विप्रवर्ण हो । यो मानिस तन्त्र मार्गमा रहला । राज सेवक, रोगी, मुखमा कालो दाग भएको होला ॥७॥

पुष्य–नक्षत्रका स्वामी चन्द्र, देवता गण र मध्य नाड़ी हो । भेड़ा योनि, विप्र वर्ण र कर्कट राशि हो । यो मानिस बुद्धिमान्, दाता वैश्य कार्य गर्ने, विषयी, चंचल मनको होला ॥८॥

अश्लेषा–नक्षत्रका स्वामी चन्द्र, राक्षस गण, अन्त्य नाड़ी, बिरालो योनि, विप्र वर्ण, कर्कट राशि हो । यो मनुष्य पुत्र पौत्रादिले सम्पन्न र निर्बल अर्थात् दुब्लो, छल विद्यामा निपुण, अध· विश्वासी, गहुँ गोरो एवं केही रिसाहा स्वभावको दयाहीन (निर्दयी) होला ॥९॥

मघा–नक्षत्रका स्वामी सूर्य, सिंह राशि, राक्षस गण, अन्त्य नाड़ी, मूसो योनि, क्षत्रिय वर्ण

हो । यो मानिस सत्यवादी, पितृभक्त, भोगी र पण्डित होला । पातलो देह, दीर्घ बाहु, कम सन्तान भएको होला ॥१०॥

पूर्वाफाल्गुनी—नक्षत्रका स्वामी सूर्य, सिंह राशि, मनुष्य गण, मध्य नाड़ी, मूसो योनि र क्षत्रिय वर्ण हो । यो मानिस धर्मात्मा, सबैसित मित्रता राख्ने, आशामुखीको आशा पूर्ण गर्ने, स्त्रीजातिको विशेष प्रिय होला ॥११॥

उत्तराफाल्गुनी–नक्षत्रको पहिला पाउका स्वामी सूर्य र द्वितीय, तृतीय, चतुर्थ पाउका स्वामी बुध हुन् । प्रथम पाउ सिंह राशि तथा द्वितीय, तृतीय, चतुर्थ पाउ कन्या राशि, मनुष्य गण, आद्यनाड़ी, गौ योनि हो । पहिला पाउको क्षत्रिय वर्ण र द्वितीय, तृतीय, चतुर्थ पाउ वैश्यवर्ण हो । यो दानी, वीर, शस्त्रास्त्र जान्ने होला ॥१२॥

हस्ता–नक्षत्रका स्वामी बुध, कन्या राशि, देवता गण, आद्य नाड़ी, महिष योनि, वैश्य वर्ण हो यो मानिस अविश्वासी, धूर्त, ज्यादा विदेश

घुम्ने, पित्त रोगी, तामसो, मिथ्यावादी, बर्ता पाप कर्म गर्ने होला ॥१३॥

चित्रा नक्षत्रको प्रथम, द्वितीय पाउका स्वामी बुध र तृतीय, चतुर्थ पाउका स्वामी शुक्र हुन् । प्रथम, द्वितीय पाउ कन्या राशि र तृतीय, चतुर्थ पाउ तुला राशि, व्याघ्र योनि हो । प्रथम, द्वितीय पाउ वैश्य वर्ण र तृतीय, चतुर्थ पाउ शूद्र वर्ण हो । यो मानिस तामसी, वात प्रकृतिको एवं स्त्री पुत्रादिले संयुक्त होला ॥१४॥

स्वाती–नक्षत्रका स्वामी शुक्र, देवता गण, अन्त्य नाड़ी, महिष योनि, तुला राशि, शूद्र वर्ण हो । यो मानिस वात प्रकृतिको, धर्मात्मा, धन कम भएको, बोली बचन मीठो र नम्र भएको, गोरो रंगको होला ॥१५॥

विशाखा–नक्षत्रको प्रथम, द्वितीय, तृतीय पाउका स्वामी शुक्र, चतुर्थ पाउका स्वामी मंगल हुन् । प्रथम, द्वितीय तृतीय पाउको तुला राशि हो चतुर्थ पाउ वृश्चिक राशि हो । राक्षस गण, अन्त्य नाड़ी, व्याघ्र योनि हो । प्रथम, द्वितीय तृतीय

पाउ शूद्र वर्ण र चौथो पाउ विप्र वर्ण हो । यो लोभी, निष्ठुर झगडिया, वेश्यागामी होला ॥१६॥

अनुराधा—नक्षत्रका स्वामी मंगल, बृश्चिक राशि, देवता गण, मध्य नाड़ी, हरिण, योनि र विप्र वर्ण हो । यो मानिस कफ प्रकृतिको, ज्यादा बिदेशमै रहने, उद्यमी, खेतीको काम गर्ने अभि-मानी र रातो वर्णको होला ॥१७॥

ज्येष्ठा—नक्षत्रका स्वामी मंगल, बृश्चिक राशि, राक्षस गण, आद्य नाड़ी, मृग योनि, विप्र वर्ण हो । यो मानिस शस्त्रास्त्र विद्यामा निपुण र रजोगुणी, तामसी, ठूला ठूला काम गर्ने, दानी, गम्भीर राजमान्य रातो वर्णको होला ॥१८॥

मूल—नक्षत्रका स्वामी गुरु, धन राशि र राक्षस गण, आद्य नाडी, कुकुर योनि, क्षत्रिय वर्ण हो । यो मानिस स्त्रीको वशमा रहने बुद्धिमान ज्ञानी, पठित, धनमा कृपणता राख्ने एवं बर्ता भोगी होला ॥१९॥

पूर्वाषाढा—नक्षत्रका स्वामी गुरु हुन्, धन

राशि, मनुष्य गण, मध्य नाडी, वानर योनि र क्षत्रिय वर्ण हो । यो मानिस दानी, बड़ो धार्मिक सहनशील, सबको मान्य, पुत्र पौत्रले युक्त एवं हात्ती घोड़ा आदि चौपाया जानवर धेरै पाल्ने र पीत वर्णको होला ॥२०॥

उत्तराषाढा—नक्षत्रका स्वामी शनिश्चर हुन् प्रथम पाउ धन राशि हो । द्वितीय, तृतीय चतुर्थ पाउ मकर राशि, मनुष्य गण आद्य नाड़ी न्याउरी योनि हो । प्रथम पाउ क्षत्रिय वर्ण तथा द्वितीय, तृतीय चतुर्थ पाउ वैश्य वर्ण हो । यो मानिस बलवान्, आफ्नू, पुरुषार्थले धन कमाउने र खरो मिजाजको होला ॥२१॥

श्रवण—नक्षत्रका स्वामी शनिश्चर हुन् । मकर राशि, देव गण, अन्त्य नाड़ी, वानर योनि हो । यो मानिस निकै गम्भीर, कुरा गर्न सिपालु, सबैको मान्य, कर्मयोगी वात विकार भएको र कालो रंगको होला ॥२२॥

धनिष्ठा—नक्षत्रका स्वामी शनिश्चर हुन् प्रथम द्वितीय पाउ मकर राशि, राक्षस गण, मध्य

नाड़ी सिंह योनि वैश्य वर्ण हो । तृतीय, चतुर्थ पाउ शूद्र वर्ण हो । यो मानिसले बाल्यावस्थामा अनेक दु:ख पाए पनि यौवनावस्थामा अत्यन्त सुखी र सर्वमान्य विद्वान् हुनेछ ॥२३॥

शतभिषा—नक्षत्रका स्वामी शनिश्चर हुन् । कुम्भ राशि, राक्षस गण, आद्य नाड़ी, अश्व योनि र शूद्र वर्ण हो । यो मानिस क्षमाशील. धार्मिक, दानी र नाक·कानको रोगी तथा मिजाज केही बिग्रे जस्तो होला ॥२४॥

पूर्वाभाद्रपदा—नक्षत्रको प्रथम, द्वितीय र तृतीय पाउका स्वामी शनि हुन् । चतुर्थ पाउका स्वामी गुरु हुन् । प्रथम, द्वितीय, तृतीय पाउ कुम्भ राशि र चतुर्थ पाउ मीन राशि हो । मनुष्य गण, आद्य नाड़ी सिंह योनि हो । प्रथम, द्वितीय र तृतीय पाउ शूद्र वर्ण र चतुर्थ पाउ विप्र वर्ण हो । यो मानिस बहुत दाता बाग बगैंचाको सौखीन विद्या· वान् र धनवान् होला ॥

उत्तराभाद्रपदा—नक्षत्रका स्वामी गुरू हुन् मीन राशि, मनुष्य गण, मध्य नाड़ी गौयोनि र

ब्राह्मण वर्ण हो। यो मानिस अति बिषयी, बर्ता विदेश गमन गर्ने, झगड़िया, जाली होला। विद्या र धन खूब कमाउला ॥२६॥

रेवती—नक्षत्रका स्वामी गुरु हुन्। मीन राशि, देवता गण, अन्त्य नाडी, विप्र वर्ण र गज योनि हो। यो मानिस सत्वगुणी, अत्यन्त राम्रो र ठूलो अयसी होला। साधु, ब्राह्मण, पितृहरुको सेवा गर्ने होला ॥२७॥

॥ नक्षत्रका पाउ–पाउको विशेष फल ॥

नक्षत्रका प्रथम चरणमा जन्मने मानिस बुद्धिमान सत्यवक्ता जितेन्द्रिय हुन्छ। उत्तम जान्नू।

नक्षत्रका द्वितीय चरणमा जन्मने मानिस धनी, स्त्रीप्रिय, नीतिज्ञ, पण्डित हुन्छ। उत्तम जान्नू।

नक्षत्रका तृतीय चरणमा जन्मने मानिस कामी अल्पज्ञ, कम औकातको, मध्यम दर्जाको जान्नू।

नक्षत्रका चतुर्थ चरणमा जन्मने मानिस मूर्ख, व्यभिचारी, निर्धनी, संतानहीन, निकृष्ट जान्नू।

घातचन्द्र चक्र

स्वराशिदेखि घात चन्द्रमा विचार गरी व्रतबन्ध विवाह यात्रादि योग गर्नू ।

राशि	मेष	वृष	मि.	क.	सिंह	कं.	तु.	वृ.	ध.	म.	कु.	मीन
राशिघात	१	६	११	५	१०	३	९	८	१२	४	१	११

शिववास फल सारिणी

रुद्री, शिवपूजा गर्दा दिन जुराउने काइदा--

शुक्लपक्ष तिथि	शिववास	फलम्	कृष्णपक्षतिथि
१	श्मशान	मृत्यु	७
२	गौरीसन्निधौ	शुभ	१
३	सभायाम्	मानप्राप्ति	२
४	क्रीडायाम्	तापम्	३
५	कैलाशे	सुखम्	४
६	वृषभारूढे	श्रीप्राप्ति	५
७	भोजने	भोजनप्राप्ति	६
८	श्मशाने	मृत्यु	७
९	गौरीसन्निधौ	शुभम्	८, ३०
१०	सभायाम्	मानप्राप्ति	९
११	क्रीडायाम्	तापम्	१०
१२	कैलाशे	सुखम्	११
१३	वृषभारूढे	श्रीप्राप्ति	१२
१४	भोजने	भोजनप्राप्ति	१३
१५	श्मशाने	मृत्यु	१४

कृष्णपक्षे अग्निवास सारिणी

तिथि	१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	३०
रवि	पा	भू	भू	स्व	पा	भू	भू	स्व	पा	भू	भू	स्व	पा	भू	भू
चंद्र	भू	भू	स्व	पा	भू	भू	स्व	पा	भू	भू	स्व	पा	भू	भू	स्व
भौम	भू	स्व	पा	भू	भू	स्व	पा	भू	भू	स्व	पा	भू	भू	स्व	पा
बुध	स्व	पा	भू	भू	स्व	पा	भू	भू	स्व	पा	भू	भू	स्व	पा	भू
गुरु	पा	भू	भू	स्व	पा	भू	भू	स्व	पा	भू	भू	स्व	पा	भू	भू
शुक्र	भू	भू	स्व	पा	भू	भू	स्व	पा	भू	भू	स्व	पा	भू	भू	स्व
शनि	भू	स्व	पा	भू	भू	स्व	पा	भू	भू	स्व	पा	भू	भू	स्व	पा

शुक्लपक्षसे अग्निवास सारिणी

तिथि	१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५
रवि	भू	भू	स्व	पा	भू	भू	स्व	पा	भू	भू	स्व	स्व	भू	भू	स्व
सोम	भू	स्व	पा	भू	भू	स्व	पा	भू	भू	स्व	पा	पा	स्व	स्व	पा
मंगल	स्व	पा	भू	भू	स्व	पा	भू	भू	स्व	पा	भू	भू	पा	पा	भू
बुध	पा	भू	भू	स्व	पा	भू	भू	स्व	पा	भू	भू	भू	पा	भू	भू
गुरु	भू	भू	स्व	पा	भू	भू	स्व	पा	भू	भू	स्व	स्व	भू	भू	स्व
शुक्र	भू	स्व	पा	भू	भू	स्व	पा	भू	भू	स्व	पा	स्व	भू	स्व	पा
शनि	स्व	पा	भू	भू	स्व	पा	भू	पा	स्व	पा	भू	पा	स्व	पा	भू

अग्निवास—भूमिमा सौख्य, स्वर्गमा प्राणनाश, पातालमा अर्थनाश, ई सारिणीबाट अग्निवास हेर्दा वार तिथि दुवै कोष्ठ लिए स्पष्ट जानिन्छ ।

उदाहरण—शुक्लपक्ष, बुधवार, दशमीका दिन अग्नि जुराउँदा बुधवारको र दशमीको कोष्ठक हेर्नाले अग्निवास भूमिमा हुन्छ । अतः त्यसको फल सौख्य छ । स्वर्ग र पाताल अशुभ जान्नु ।

❀ ईनार, तलाऊ, पोखरी बनाउने नक्षत्र ✲

हस्त, चित्रा, स्वाती, धनिष्ठा, शतभिषा, आर्द्रा, मघा ३ उत्तरा, रोहिणी नक्षत्रमा तलाउ बनाए शुभ हुन्छ।

❀ रुख बिरुवा रोप्ने नक्षत्र ✲

हस्त, पुष्य, अश्विनी, शतभिषा, मूल विशाखा, मृगशिरा, चित्रा, अनुराधा, रेवती, रोहिणी, ३ उत्तरा ई नक्षत्रमा रूख विरुवा रोपे अत्यन्त शुभ हुन्छ।

✲ पहिलोपाला हलो जोत्ने नक्षत्र ✲

मृगशिरा, चित्रा, अनुराधा, रेवती, रोहिणी, ३ उत्तरा अश्विनी, पुष्य, हस्त, अभिजित, पुनर्वसु, स्वातीश्रवण धनिष्ठा, शतभिषा, मूल, मघा, विशाखा ई नक्षत्रमा रोगरहित बहरदेखि हलो जोताउनु शुभ हुन्छ।

✲ बीउ राख्ने नक्षत्र ❀

अश्विनी, धनिष्ठा, अनुराधा, हस्त, चित्रा, स्वाती मृगशिरा, रोहिणी, मूल, मघा, ३ उत्तरा शुभहुन्छ।

❀ गहूँ धान काटने नक्षत्र ❀

पूर्वाफाल्गुनी, श्रवण, मूल, अनुराधा, रेवती ई नक्षत्र र शुक्र, बुध, चन्द्र, गुरुवारमा शुभ हुन्छ।

॥ दाई हाल्ने नक्षत्र ॥

पूर्वाफाल्गुनी, उत्तरा, रोहिणी, मूल, अनुराधा ज्येष्ठा ई नक्षत्र र शुक्र सोमवारमा शुभ हुन्छ ।

मकारी फोर्ने नक्षत्र

कृत्तिका, ३ पूर्वा, ३ उत्तरा, मघा, रोहिण मूल आर्द्रा र ज्येष्ठा यी नक्षत्र तथा रवि, सोम, गुरु, शुक्र यी वार असल हुन्छ ।

हात्ती घोड़ा खरीद-विक्रीको नक्षत्र

पुष्य, धनिष्ठा, अश्विनी, मृगशिरा, रेवती स्वाती पुनर्वसु, हस्ता ई नक्षत्रमा क्रय-विक्रय शुभ हुन्छ ।

गृह प्रवेश नक्षत्र

हस्ता पुष्य, तुनर्वसु, शतशिषा, स्वाती, रोहिणी ३ पूर्वा, मूल, रेवती, धनिष्ठा, मघा र मृगशिरा यी नक्षत्र र रवि गुरुवार गृह प्रवेश असल हुन्छ ॥

भूपति दर्शनको नक्षत्र र वार

मृगशिरा, अश्विनी, पुष्य, श्रवण, धनिष्ठा, हस्त चित्रा, अनुराधा नक्षत्रमंगलबाहेक सबै शुभ हुन्छ ।

औषधि खान असल साइत

हस्त, चित्रा, श्रवण, धनिष्ठा, शतभिषा रवि

मंगल २।७।९।१२ ई लग्न शुभ हुन्छ ।

घर छाउने विचार

शनौ दरिद्रकलहो चाग्निदाहश्च भास्करे ।
सोमे च मृत्युदोषस्याद्भौमे पुत्रो विनश्यति ।
बुधो गुरुः शुक्रवारः शस्तो हि गृहछादने ।
गृहाणां छादनविधीविदं हि कथितं बुधैः ।
द्वित्रीषु सप्तदशषु त्रयोदश्यां तिथिस्वपि ।
पूर्णिमायां तथा कुर्यात् गृहस्य गोपनं शुभम् ।

अर्थ–शनिवार घर छाए कलह हुनेछ । रविवार घर छाए मृत्युदोष र भौमवार घर छाए पुत्र नाश होला । २।३।५।७।१०।१३।१५ यी तिथिमा घर छाए शुभ हुन्छ ।

घर बनाउने प्रमाण

गृहे पर नापौ गृह परमान चाकलदीर्घ एक समान ।
एक जोड़ी पष्ट हरन गृह बनाओ यही प्रमान ॥
एक अनेक तीन धनवान् पाँचौं पुत्र समान ।
द्विज्ये चौथे कलह कोई छैठौं मरण होई ॥

घरको लम्बाई चौड़ाई हातले नापी सम पारी एक जोडेर आठले शेष गनु फल यो हो ।

विंशोत्तरी दशाचक्र | त्रिभागी दशाचक्र

ग्रहा	वर्षा	नक्षत्रादि संज्ञा	ग्रहा	वर्षा	नक्षत्रादि संज्ञा
रवि	६	कृ० उ० उ०	रवि	४	कृ० उ० उ०
चन्द्र	१०	रो० ह० श्र०	चन्द्र	६	रो० ह० श्र०
भौम	७	मृ० चि० ध०	भौम	४	मृ० चि ध०
राहु	१८	आ० स्वा० श०	राहु	११	आ० स्वा० श०
गुरु	१६	पु० वि० पू०	गुरु	१०	पु० वि० पू०
शनि	१९	पु० अनु० उ०	शनि	१२	पु० अनु० उ०
बुध	१७	अ० ज्ये० रे०	बुध	११	अ० ज्ये० रे०
केतु	७	म० मू० अश्वि०	केतु	४	म० मू० अश्वि०
शुक्र	२०	पू० पू० भ०	शुक्र	१३	पू० पू० भ०

विवाहमा रविचन्द्र-गुरु शुद्धि-चक्र

शुभस्थान	।३ १०।११	३।६।७ १०।११	२।५।७ ९।११
पूज्यस्थान	१।२।५ ७।९	१।२ ५।९	१।६ ८।१०
अशुभ	४।८ १।२	४।८ १२	४।८ १२
ग्रहाः	रवि	चन्द्र	गुरु

इन्द्रपुरी सभा [इन्द्रेनी] को विचार

रविशशिपरिवेषे ह्याद्ययामे च पीडा
रविशशिपरिवेषे वृष्टि रुक्ताद्धितीये ।
रविशशिपरिवषे धान्यनाशस्तृतीये
रविशशि परिवेषश्छत्रभङ्गश्चतुर्थे ॥

भावार्थ—पहिला प्रहरमा परिवेष लागे जनतामा पीडा; दोस्रा प्रहरमा परिवेष लागे वृष्टि (पानी) पर्ला तृतीय प्रहरमा परिवेष लागे धान्य नाश हुनेछ । चौथो प्रहरमा परिवेष लागे राज्यमा अशुभ हुनेछ । सेतो भए शुभ । रातो-नीला भए वृष्टि । कालो धूम्र भए अनिष्ट (अशुभ) जान्नू ।

वार वेला ज्ञान

शनि दिन वेला	शनि रात्रि वेला
४ काल	४ रोग
८ शुभ	८ काल
१२ रोग	१२ लाभ
१६ उद्वेग	१६ उद्वेग
२० चर	२० शुभ
२४ लाभ	२४ अमृत
२८ अमृत	२८ चर
३२ काल	३२ रोग

४–४ घडीको एक बेला हुन्छ

रवि दिन बेला	रवि रात्रि बेला	बुध दिन बेला	बुध रात्रि बेला
४ उद्वेग	४ उद्वेग	४ लाभ	४ उद्वेग
८ चर	८ शुभ	८ अमृत	८ शुभ
१२ लाभ	१२ अमृत	१२ काल	१२ अमृत
१६ अमृत	१६ चर	१६ शुभ	१६ चर
२० काल	२० रोग	२० रोग	२० रोग
२४ शुभ	२४ काल	२४ उद्वेग	२४ काल
२८ रोग	२८ लाभ	२८ चर	२८ लाभ
३२ उद्वेग	३२ उद्वेग	३२ लाभ	३२ उद्वेग
सोम दिन बेला	सोम रात्रि बेला	गुरु दिन बेला	गुरु रात्रि बेला
४ अमृत	४ अमृत	४ शुभ	४ लाभ
८ काल	८ चर	८ रोग	८ अमृत
१२ शुभ	१२ रोग	१२ उद्वेग	१२ चर
१६ रोग	१६ काल	१६ चर	१६ रोग
२० उद्वेग	२० लाभ	२० लाभ	२० काल
२४ चर	२४ उद्वेग	२४ अमृत	२४ उद्वग
२८ लाभ	२८ शुभ	२८ काल	२८ शुभ
३२ अमृत	३२ अमृत	३२ शुभ	३२ लाभ
भौम दिन बेला	भौम रात्रि बेला	शुक्र दिन बेला	शुक्र रात्रि बेला
४ रोग	४ काल	४ चर	४ रोग
८ उद्वेग	८ लाभ	८ उद्वेग	८ काल
१२ चर	१२ उद्वेग	१२ चर	१२ लाभ
१६ लाभ	१६ शुभ	१६ लाभ	१६ शुभ
२० अमृत	२० अमृत	२० अमृत	२० अमृत
२४ काल	२४ चर	२४ काल	२४ काल
२८ शुभ	२८ रोग	२८ शुभ	२८ रोग
३२ रोग	३२ काल	३२ रोग	३२ काल

आठ योगिनीका नाम

नक्षत्रबाट योगिनी दशा ज्ञान

मङ्गला पिङ्गला धान्या भ्रामरी भद्रिका तथा ।
उल्का सिद्धा सङ्कटा च योगिन्यष्टौदशा स्मृताः ।

स्वामी	नक्षत्र				दशा	वर्ष
चन्द्र	०	आर्द्रा	चित्रा	श्रवण	मंगला	१
रवि	०	पुनर्वसु	स्वाती	धनिष्ठा	पिंगला	२
गुरु	०	पुष्य	विशाखा	शतभिषा	धान्या	३
भौम	अश्विनी	अश्लेषा	अनुराधा	पूर्वाभाद्रपदा	भ्रामरी	४
बुध	भरणी	मघा	ज्येष्ठा	उत्तराभाद्रपदा	भद्रिका	५
शनि	कृत्तिका	पूर्वा फा.	मूल	रेवती	उल्का	६
शुक्र	रोहिणी	उत्तराफा.	पूर्वाषाढा		सिद्धा	७
राहु केतु	मृगशिरा	हस्ता	उत्तराषाढा		सङ्कटा	८

सबै प्रकारका जनै, नाग, पुस्तक पात्रा एवं लोकप्रिय नेपाली गीत तथा उपन्यास आदि पाइने विश्वसनीय एकमात्र ठेगाना—

श्री दुर्गा साहित्य भण्डार

पो० ब० नं० १०९६

नेपाली खपड़ा, वाराणसी

हाम्रो प्रकाशनका केही पुस्तक हरू :-

खाँड़ो जगाउने	सन्तोषी माता
गोदान पद्धति	ज्ञानमाला
जूठो सूतक निर्णय	सती सावित्री
आरती संग्रह	बेला पंचांग
नेपाली फिल्मी संगीत	रागमालश्री
नेपाली लोकगीत ठूलो	रविकृत रामायण
नेपाली लोकगीत सानू	प्रल्हादभक्ति कथा
श्रीमद्भगवद्गीता नेपाली भाषा-टीका सानू	बुद्धिचानक
	अर्जुनगीता
विरक्तपुष्पाञ्जलि	सत्य हरिश्चन्द्र कथा
दुर्गाकवच	गुणरत्नमाला
शनिमृत्युञ्जय	कोकशास्त्र
छोरी, बुहारीलाई अर्ति	लक्षवर्ति
चौबीस गायत्री	चाणक्य नीति-दर्पण
सानू कृष्णचरित्र	घरेलू औषधि भाग-१
छोरीलाई अर्ति	घरेलू औषधि भाग-२
चौरासी पूजा	घरेलू औषधि भाग-३
स्वपनाध्याय	समय र बाँसुरीको धुन
रामगीता ठूलो	भत्किएका सपनाहरू
पिसानको कथा	उसको बदनाम जिन्दगी उपन्यास
राशिमाला	टिष्टा रंगीत ,,
सिद्ध मन्त्रावली	साहेब ,,
भगवती स्तोत्र	यात्रामा ,,
चुटके लहरी	साइन डाइ ,,
शान्तिकाध्यायः	प्रेमपत्र ,,
तासको जादू	संगम ,,
समुद्र-लहरी	प्रेम समाधि ,,
वाशिष्ठी विवाह	अनुराधा ,,

प्राप्ति स्थान :--

मित्र पुस्तक भण्डार

कालापाहाड़ बजार, मनिपुर